**आकाशवाणी समाचार- नेपाली**
**मितिः १६ जूलाई २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी भोलि हरियाणा, चण्डीगढ र पञ्जाबको भ्रमण गर्नुहुनेछ।

२. गृहमन्त्री अमित शाहले जगन्नाथ रथयात्राको अवसरमा देशवासीलाई शुभकामना व्यक्त गर्नुभएको छ।

३. विदेश मन्त्री डा. एस. जयशंकरले भारत- भारत-यूरोपीय संघ तथा प्रविधि परिषद् बैठकले भारत-यूरोपीय संघ मुक्त व्यापार समझौता-एफटीए सुरक्षा तथा रक्षा साझेदारी र गतिशीलतालाई बलियो रूपमा अगाडि बढाउने विश्वास व्यक्त गर्नु भयो।

४. भारत र बेल्जियमले व्यापार र लगानी, हरित ऊर्जा संक्रमण, नवप्रवर्तन र प्रविधि, कनेक्टिभिटी, रक्षा, सुरक्षा, क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा सहयोगलाई अझ बढाउन सहमत भएका छन्।

५. फिफा विश्वकपमा डिफेन्डिङ च्याम्पियन अर्जेन्टिनाले दोस्रो सेमिफाइनलमा इङ्गल्याण्डलाई २-१ ले पराजित गर्‍यो।

**प्रधानमन्त्रीको हरियाणा-पञ्जाब भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि हरियाणा, चण्डीगढ र पञ्जाबको भ्रमण गर्नुहुनेछ। प्रधानमन्त्रीले हरियाणाको जिन्द रेलवे स्टेशनमा जिन्द र सोनीपतबीचको भारतको पहिलो हाइड्रोजन रेललाई झण्डा देखाउनुहुनेछ। श्री मोदीले जिन्दको एकलव्य स्टेडियममा लगभग १४ हजार ७०० करोड मूल्यका धेरै विकास परियोजनाहरूको शिलान्यास र देशलाई समर्पित गर्नुहुनेछ।
चण्डीगढमा प्रधानमन्त्रीले दिउँसो स्वास्थ्य सेवा, शिक्षा र सडक पूर्वाधारसँग सम्बन्धित ६ हजार ६०० करोडभन्दा बढी मूल्यका विभिन्न विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ। श्री मोदीले चण्डीगढको स्नातकोत्तर चिकित्सा शिक्षा तथा अनुसन्धान संस्थानमा उन्नत आमा तथा बाल केन्द्र र उन्नत स्नायु विज्ञान केन्द्रको उद्घाटन गर्नुहुनेछ।
प्रधानमन्त्री जालन्धरको पनि भ्रमण गर्नुहुनेछ, जहाँ उहाँले कनेक्टिभिटी र यात्री सुविधा बढाउने र क्षेत्रमा आर्थिक विकासलाई तीव्र बनाउने उद्देश्यले ५ हजार ४७० करोड भन्दा बढी मूल्यका धेरै विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ। श्री मोदीले 'अमृत भारत स्टेशन योजना' अन्तर्गत जालन्धर क्यान्टसहित ७५ पुनर्विकसित रेलवे स्टेशनहरूको उद्घाटन गर्नुहुनेछ।

**शाह - जगन्नाथ यात्रा**

गृहमन्त्री अमित शाहले जगन्नाथ रथयात्राको अवसरमा देशवासीलाई शुभकामना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री शाहले यो विश्व प्रसिद्ध रथयात्रा अटल आस्था, विश्वास र भक्तिको प्रतीक भएको बताउनु भएको छ। उहाँले भन्नु भयो, यसले भारतको समृद्ध सांस्कृतिक सम्पदाको संरक्षण गर्दछ र भगवानप्रतिको अटल श्रद्धा प्रतिबिम्बित गर्दछ। उहाँले सबैको लागि खुशी, शान्ति, समृद्धि र कल्याणको लागि भगवानसँग प्रार्थना गर्नु भयो।

**पुरी - रथयात्रा**

भगवान जगन्नाथ, भगवान बलभद्र र देवी सुभद्राको रथयात्रा आजदेखि ओडिशाको पुरीमा सुरु हुँदैछ। यस विश्व प्रसिद्ध रथयात्राको क्रममा, भगवान जगन्नाथ र उनका भाइबहिनीहरू, रथमा सवार भएर, भगवान जगन्नाथका मामाको निवास मानिने श्री गुण्डिचा मन्दिरको बाटोमा भक्तहरूलाई दर्शन दिन्छन्। यो लगभग ३ किलोमिटरको यात्रा श्री गुण्डिचा मन्दिरमा समाप्त हुनेछ।

भगवान जगन्नाथ, भगवान बलभद्र र देवी सुभद्रा नौ दिनसम्म गुण्डिचा मन्दिरमा बस्छन्। यात्रा पूरा गरेपछि, तिनीहरू एउटै रथमा श्री मन्दिर फर्कन्छन्, जसलाई "बहुद यात्रा" वा रथयात्रा फिर्ता भनिन्छ। यस रथयात्रामा ठूलो संख्यामा भक्तजन भाग लिन्छन्। यात्राको सहज सञ्चालन सुनिश्चित गर्न बहुस्तरीय सुरक्षा प्रणाली राखिएको छ।

**झारखण्ड - रथयात्रा**

भगवान जगन्नाथ, भगवान बलभद्र र देवी सुभद्राको वार्षिक रथयात्रा आज झारखण्डमा परम्परागत भक्तिभावका साथ आयोजना गरिनेछ। मुख्य कार्यक्रमहरू रांचीको धुर्वामा रहेको ऐतिहासिक जगन्नाथपुर मन्दिरमा आयोजना गरिनेछ।
विवरण हाम्रो संवाददाताबाट:

**भारत-ईयू व्यापार तथा प्रविधि परिषद् बैठक**

विदेश मन्त्री डा. एस. जयशंकरले भारत- भारत-यूरोपीय संघ तथा प्रविधि परिषद् बैठकले भारत-यूरोपीय संघ मुक्त व्यापार समझौता-एफटीए सुरक्षा तथा रक्षा साझेदारी र गतिशीलतालाई बलियो रूपमा अगाडि बढाउने विश्वास व्यक्त गर्नु भयो। ब्रसेल्समा भएको तेस्रो भारत-ईयू व्यापार तथा प्रविधि परिषद् बैठकपछि पत्रकारहरूसँग कुरा गर्नु हुँदै उहाँले उक्त कुरा भन्नु भयो। उहाँले भारत र युरोपेली संघबीच प्राकृतिक आत्मीयता रहेको बताउनु भयो। डा. जयशंकरले भन्नु भयो, भारत र युरोपेली संघले एकअर्कासँग यो विश्वास विकास गरेका छन् र अब व्यापार तथा प्रविधि क्षेत्रमा यसलाई अझ विस्तार गर्न प्रयासरत छन्। डा. जयशंकरले भन्नु भयो, भारत र युरोपेली संघले होराइजन युरोप कार्यक्रममा छलफल सुरु गर्नेछन्। उहाँले बैठकको क्रममा विद्युतीय सवारी साधन चार्जिङ पूर्वाधार मापदण्डमा पहिलो नवप्रवर्तन केन्द्र स्थापना गर्न सहमत भएको जानकारी दिनु भयो।
वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारत-यूरोपीय संघ मुक्त व्यापार समझौतालाई निष्पक्ष, समतामूलक र सन्तुलित, दुवै देशका हरेक क्षेत्रका लागि लाभदायक भएको बताउनु भयो। उहाँले भन्नु भयो, दुवै देशको दृष्टिकोण नवप्रवर्तनमा आधारित, भरपर्दो र भविष्यका लागि तयार विकास साझेदारीतर्फ रहेको छ। उहाँले भन्नु भयो, यो बैठक यस सहयोगको महत्त्वपूर्ण स्तम्भ बनेको छ। श्री गोयलले भन्नु भयो, यस बैठकले भारत-ईयूलाई छलफलभन्दा बाहिर कार्यान्वयनमा जान मद्दत गरेको छ। उहाँले भन्नु भयो, भारत-यूरोपीय संघ र भारत केही प्रमुख क्षेत्रहरूमा निर्भरता कम गर्न र भरपर्दो र विविध आपूर्ति शृङ्खलाहरू निर्माण गर्न प्रतिबद्ध छन्।

**भारत बेल्जियम**

भारत र बेल्जियमले व्यापार र लगानी, हरित ऊर्जा संक्रमण, नवप्रवर्तन र प्रविधि, कनेक्टिभिटी, रक्षा, सुरक्षा, क्षेत्रीय र विश्वव्यापी मुद्दाहरू साथै जनता-जनता आदान प्रदान जस्ता क्षेत्रहरूमा सहयोगलाई अझ बढाउन सहमत भएका छन्। ब्रसेल्समा आयोजित भारत-बेल्जियम रणनीतिक संवादको पहिलो बैठकले संरचित र व्यापक साझेदारीमार्फत द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्ने बारेमा छलफल गर्‍यो। रणनीतिक संवादको उद्घाटन सत्रको सह-अध्यक्षता विदेश मन्त्री डा. एस. जयशंकर र बेल्जियमका उप प्रधानमन्त्री र विदेश, युरोपेली मामिला र विकास सहयोग मन्त्री म्याक्सिम प्रिभोटले गर्नु भएको थियो।
डा. जयशंकरले युरोपसँग भारतको संलग्नतामा बेल्जियमको विशेष स्थान रहेको उल्लेख गर्नु भयो। उहाँले भन्नु भयो, द्विपक्षीय साझेदारी बढ्दै जाँदा भारत-यूरोपीय संघ सम्बन्धहरू गहिरो हुँदै गइरहेका छन्। श्री प्रिभोटले भन्नु भयो, गत वर्ष मार्चमा बेल्जियमको आर्थिक मिसनले दुई देशहरू बीचको आर्थिक सम्बन्धलाई बलियो र गतिशील बनाएको छ। उहाँले भन्नु भयो, व्यापार, लगानी र नवप्रवर्तनले दुई देशहरूलाई नजिक ल्याइरहेको छ र भविष्यको सहयोगको लागि ठोस जग बसालिरहेको छ। उक्त फोरममा डा. जयशंकर, वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयल र वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन प्रसाद उपस्थित थिए। बेल्जियमको तर्फबाट फ्ल्यान्डर्स सरकारका मन्त्री-अध्यक्ष, माथियस डिपेन्डेल र वालोनियाका मन्त्री-अध्यक्ष, एड्रियन डोलिमोन्ट उपस्थित थिए। फोरमले दुई देशहरूबीचको बढ्दो कनेक्टिभिटीलाई ठोस आर्थिक र व्यावसायिक अवसरहरूमा रूपान्तरण गर्ने तरिकाहरू छलफल गर्न दुवै देशका साथै युरोपेली संघका सार्वजनिक र निजी सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याएको थियो।

**मध्य प्रदेश - अन्तर्राष्ट्रिय उडान**

मध्य प्रदेशबाट पहिलो अन्तर्राष्ट्रिय उडान सेवा सुरु भएको छ। मुख्यमन्त्री डा. मोहन यादवले राजधानी इन्दौरबाट संयुक्त अरब इमिरेट्सको अबुधाबीको पहिलो सिधा उडानलाई झण्डा देखाएर सुरुवात गर्नु भयो। मुख्यमन्त्रीले प्रधानमन्त्री नरेन्द्र मोदीले आम मानिसले पनि हवाई यात्रा गर्न पाउनुपर्छ भन्ने विश्वास गरेको बताउनु भयो। राज्यको उड्डयन नीति यही विचारमा आधारित छ। उहाँले सरकारले अन्तर्राष्ट्रिय रुटहरूको लागि प्रति उडान 15 लाख रुपियाँको आर्थिक सहयोग प्रदान गर्ने बताउनु भयो। यसले टिकटको मूल्य घटाउन मद्दत गर्नेछ। डा. यादवले पहिले प्रति सिट भाडा लगभग २४ देखि २५ हजार रुपियाँसम्म रहेको बताउनु भयो। अब, यो १२ देखि १५ हजारसम्म झरेको छ। यो एयर इन्डिया एक्सप्रेस उडान हप्तामा चार दिन सञ्चालन हुनेछ। इन्दौरबाट अबुधाबीको यात्रा अब केवल तीन घण्टा पन्ध्र मिनेट मात्र लाग्नेछ। पहिले, यात्रीहरूले दिल्ली वा मुम्बई हुँदै यात्रा गर्नुपर्थ्यो, जसमा सातदेखि आठ घण्टा लाग्थ्यो।

**भारत टेक्स - एमपी सीएम**

मध्य प्रदेशका मुख्यमन्त्री डा मोहन यादव आज 'भारत टेक्स–२०२६' मा सहभागी हुनु हुनेछ। यो कार्यक्रम नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुँदैछ। उहाँले भारत र विदेशका प्रमुख वस्त्र लगानीकर्ता र उद्योगी नेताहरूसँग भेट गर्नु हुनेछ। मुख्यमन्त्रीले राज्यमा उद्योग प्रवद्र्धन गर्ने नीति र वस्त्र क्षेत्रमा लगानीका अवसरका बारेमा पनि छलफल गर्नु हुनेछ। डा. यादव 'भारत मण्डपम' मा रहेको मध्यप्रदेश प्याभिलियनको भ्रमण गर्नुहुनेछ। उक्त मण्डपमा राज्यको औद्योगिक नीति, सीप विकास कार्यक्रम र धार जिल्लामा निर्माण भइरहेको 'पीएम मित्र पार्क' प्रदर्शन हुनेछ। मुख्यमन्त्रीले वस्त्र उद्योगका प्रमुखसँग पनि छलफल गर्नुहुनेछ। यस छलफलमा केन्द्रीय वस्त्र मन्त्री गिरिराज सिंह पनि सहभागी हुनु हुनेछ। मुख्यमन्त्रीले धेरै कम्पनीका प्रतिनिधिसँग पनि भेट गर्नु हुनेछ। भेटवार्तामा नयाँ लगानी, रोजगारी सिर्जना र प्राविधिक सहयोगका विषयमा छलफल हुनेछ। उहाँले नयाँ दिल्लीमा "मध्य प्रदेशमा लगानीका अवसरहरू" सम्बन्धी सत्रलाई पनि सम्बोधन गर्नुम  हुनेछ। यस भ्रमणका क्रममा मध्यप्रदेशका औद्योगिक संघसंस्थासँग महत्वपूर्ण सम्झौतामा हस्ताक्षर हुनेछ। मुख्यमन्त्रीले जनवरी 2027 मा राज्यमा हुने 'ग्लोबल इन्वेस्टर्स समिट' मा इंडस्ट्री लीडर्सहरूलाई आमन्त्रित गर्नु हुनेछ।

**लाल किल्ला - बन्द**

८० औं स्वतन्त्रता दिवस समारोहको लागि दिल्लीको लाल किल्ला परिसर १५ अगस्टसम्म सर्वसाधारणका लागि बन्द रहनेछ। भारतीय पुरातत्व सर्वेक्षण विभागले लाल किल्ला परिसरमा स्वतन्त्रता दिवस समारोहको तयारीलाई ध्यानमा राख्दै यो आदेश जारी गरेको छ। विभागका एक वरिष्ठ अधिकारीले भन्नु भयो, यस्ता आदेशहरू प्रत्येक वर्ष स्वतन्त्रता दिवस अघि जारी गरिन्छ।१५ अगस्टमा सरकारले जारी गरेको पास धारकहरूलाई मात्र लाल किल्ला परिसरमा प्रवेश गर्न र समारोहमा भाग लिन अनुमति दिइनेछ।

**फिफा विश्वकप**

फिफा विश्वकपमा डिफेन्डिङ च्याम्पियन अर्जेन्टिनाले दोस्रो सेमिफाइनलमा इङ्गल्याण्डलाई २-१ ले पराजित गऱ्यो। अब आइतबार हुने फाइनलमा अर्जेन्टिनाले स्पेनको सामना गर्नेछ। सेमिफाइनलको पहिलो हाफ गोलरहित सकियो, ५५ औं मिनेटमा एन्थोनी गोर्डनले इङ्गल्याण्डका लागि पहिलो गोल गरे। ८५ औं मिनेटमा अर्जेन्टिनाका एन्जो फर्नान्डेजले बराबरी गरे। ९० औं मिनेटमा लाउटारो मार्टिनेजले गोल गर्दै अर्जेन्टिनालाई २-१ को शानदार जित दिलाए।यसअघि, अर्जेन्टिनाले २०२२ मा कतारमा विश्वकप जितेको थियो।